स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



छायांकनको ४७ दिनमा रेखा थापा स्टारर 'उपहार : लाइफ टु जर्नी' इण्ड-क्ल्याप भएको छ । घण्टाघरको अन्तिम दृश्य खिच्दै निर्देशक ज्ञानेन्द्र देउजाले फिल्मको छायांकन टुंग्याए । छायांकनलाई लिएर आफूहरु सन्तुष्ट रहेको निर्देशक देउजा र निर्मात्री तथा अभिनेत्री थापाले बताइन् । रेखाले 'उपहार'लाई ज्ञानेन्द्र देउजासँग काम गरेका आठमध्येकै उत्कृष्ट फिल्म भएको बताइन् । 'रुद्रप्रिया' र 'मालिका'मा भएका मिस्टेकलाई उपहारमा सच्याउने प्रयास गरेको बताइन् ।

**आजको विचार...**



रानीमहल...
(दुई पेजमा)

पदम न्यौपाने



अभिनेता अनमोल केसी काममा फर्किएका छन् । उनको आगामी फिल्म 'फर्की फर्की'को कार्यशाला सुरु भएको छ । निर्माता रोहित अधिकारीले उपलब्ध गराएका तस्वीरमा केसीलाई ताजा आभामा देख्न सकिन्छ । दुई साताअघिसम्म करिअरकै उतारचढावपूर्ण श्रृंखलाको साक्षी बनेका अनमोल शुक्रबारदेखि नियमित काममा फर्किएका हुन् । निर्माता अधिकारीले कलाकार र निर्देशकीय टिमको उपस्थितिमा फिल्मको वर्कसप सुरु भएको जनाए । अभिनेत्री जसिता गुरुङले केही दिनमा वर्कसप ज्वाइन गर्नेछिन् ।

❒ वर्ष २९ ❒ अंक ९२ ❒ २०८० असोज ३० गते मंगलबार 17 October 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पालपामा प्रेस काउन्सिलका मुख्य अधिकृतले गरे मिडियाको निरीक्षण







**हाम्रा संवाददाता**

**पाल्पा,** असोज २९/प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले कैलाशनगर मिडिया प्रालि र यूनिक शोसियल कम्युनिकेशन प्रालिको निरीक्षण गरेका छन् । उनले सोमबार दुवै मिडियाका कार्यालयमा पुगेर निरीक्षण गरेका हुन् ।

मुख्य अधिकृत भुसालले कैलाशनगर मिडियाको प्रधान कार्यालय रहेको तानसेनस्थित शित्तलपाटीबाट सञ्चालित नवजनचेतना राष्ट्रिय दैनिक, शित्तलपाटी डटकम, कैलाशनगरबाट प्रशारण भइरहेको यूनिक एफएमको निरीक्षण गरे । मिडियाहरुको निरीक्षण गर्दै उनले पछिल्लो समय प्रिन्ट मिडियाहरु समस्यामा पर्दै गएका बेला कैलानगर मिडियाले व्यवस्थित ढंलले नियमित पत्रिका प्रकाशन गरेकोमा मिडियाको प्रशंसा गरे । उनले दैनिक रुपमा पत्रिका प्रकाशन गर्नु चुनौतीको विषय भएपनि मिडियामा आवद्ध पत्रकारहरुको मेहनत र लगनशीलताले प्रकाशनलाई निरन्तरता दिएकोमा खुसी व्यक्त गरे ।

मुख्य अधिकृत भुसालले मिडियाले आफुहरुलाई थप परिस्कृत गरेर लैजान सके प्रिन्ट मिडियाको भविष्य रहेको बताए । उनले कोही कतै नसमेटिएका विषयहरुलाई प्राथमिकताका साथ उठान गर्ने, स्थानीय तहका गतिविधिहरुलाई बढीभन्दा बढी प्राथमिकतामा राख्न सके आम पाठकहरुले पत्रिका खोजी खोजी पढ्न सक्ने विश्वास व्यक्त गरे । मुख्य अधिकृत भुसालले मिडियाहरुलाई सहज रुपमा सञ्चालन गर्ने गरी नीति बनाउन छलफल भइरहेको समेत बताए । उनले मिडियाहरुलाई सहज होस् भनेर मिडिया विकास कोष सञ्चालनमा ल्याइएको बताए । भुसालले भने 'मिडियालाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी नेपाली पत्रकारिता क्षेत्रको समुचित विकासका लागि सञ्चार माध्यमहरुलाई सहायता प्रदान गर्ने उद्देश्यले मिडिया विकास कोषको स्थापना गरिएको हो ।' उक्त मिडिया कोषमार्फत कैलाशनगर मिडियाले गत १६ वर्ष पहिला प्रेस समेत खरिद गरेको थियो । काउन्सिलको व्याज अनुदानमा मिडियाले प्रेस खरिद गरेको हो । उक्त प्रेसको समेत मुख्य अधिकृत भुसालले निरीक्षण गरेका छन् । उनले प्रेसको निरीक्षण गर्दै मिडिया विकास कोषको कैलाशनगर मिडियाले सहि सदुपयोग गरेको बताए । अहिलेको अवस्थामा मिडियाहरु मर्ज गरेर जाने कुरामा पनि काउन्सिलमा छलफल भइरहेको उनले बताए । मुख्य अधिकृत भुसालले भने 'मिडियाहरु एक आपसमा मर्ज भए सञ्चालनमा सहज हुन्छ, सरकारले दिने अनुदानले पनि ति मिडियाहरु सक्षम बन्न सक्छन् ।' उनले स्थानीय विज्ञापन स्थानीय मिडियाहरुमै दिनुपर्नेमा जोड दिए । मुख्य अधिकृत भुसालले काउन्सिलले मिडियाका लागि आवश्यक सहयोग गर्ने समेत बताए ।

मिडियाका अध्यक्ष तथा सम्पादक जगदीश भट्टराईले मिडिया सञ्चालनमा समस्या आएको बताए । उनले सरकारी नीतिका कारण निरन्तर प्रकाशन हुँदै आएका मिडियाहरु बन्द हुने अवस्थामा पुगेकाले त्यसतर्फ ध्यान दिन काउन्सिलका मुख्य अधिकृत भुसाललाई आग्रह गरे । सम्पादक भट्टराईले विज्ञापनको बजार नहुँदा समेत मिडियाहरु खोल्ने वा बन्द गर्ने अवस्थामा पुगिएको बताए । सोही अवसरमा दैनिकका उपसम्पादक रामचन्द्र रायमाझीले मिडियाको अहिलेको अवस्थाका बारेमा जानकारी गराएका थिए । दैनिकका पाल्पा संवाददाता कृष्ण पोखरेल, लेखक दुर्गा अर्याल लगायतले जिल्लामा दैनिक प्रकाशन गर्नु चुनौतिको विषय भएकाले त्यसतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताए । मुख्य अधिकृत भुसाल सहित देवीबहादुर राना, हरिकृष्ण अधिकारी लगायतको टोलीले मिडियाको अनुगमन गरेको हो । उनीहरुले कैलाशनगरमा रहेको युनिक एफएमको कार्यालयको पनि निरीक्षण गरे ।

**पत्रकार महासंघका अध्यक्षसँग छलफल**

यस्तै काउन्सिलका मुख्य अधिकृत भुसालले पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना र सचिव यज्ञमूर्ति तिमिल्सीनासँग समेत छलफल गरेका छन् । उनले जिल्लाको पत्रकारिताका बारेमा छलफल गरेका हुन् । महासंघका अध्यक्ष रानाले जिल्लाका मिडिया र पत्रकारहरुको अवस्थाका बारेमा जानकारी गराएका थिए । मुख्य अधिकृत भुसालले महिलाहरुको क्षमता अभिवृद्धिका लागि तालिमहरु सञ्चालन गर्ने र सूचना प्रविधिहरुलाई थप व्यवस्थित बनाएर लैजाने विषयमा काउन्सिलले काम अगाडि बढाएको बताए ।

## सक्षिप्त समाचार

### प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**गुल्मी,** आसोज २९/गुल्मीमा मानव अधिकारकर्मीहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । सोमबार मुलुकमा विद्यमान कहालीलाग्दो दण्डहीनताको अन्त्य गरी सुशासनको प्रत्याभूति गर्दै लोकतान्त्रिक गणतन्त्रको आदर्शलाई आत्मसात गर्न भन्दै प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

मानव अधिकार तथा शान्ति समाज गुल्मीले दश बुँदे माग सहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको जनाएको छ । उसले चुलिदो भ्रष्टाचार, दण्डहीनता र बढ्दो महंगीका कारण नागरिकहरुमा वितृष्णा बढ्दै गएकाले कुनै पनि बेला विष्फोट हुन सक्ने खतरातर्फ ध्यानाकर्षण गराउँदै सुशासनको प्रत्याभूति गर्न र दण्डहीनता अन्त्य गरी शान्तिको अनुभूति दिलाउन सरकार समक्ष आग्रह गरेको छ । मानवअधिकारकर्मीहरुले जिल्ला प्रशासन कार्यालय अगाडि विभिन्न नारा लेखिएका प्लेकार्ड सहित कुशासन र दण्डहीनता विरुद्ध प्रर्दशन गरेका थिए । विरोध प्रर्दशनमा सभापति ढुण्डीराज पोखरेलसँगै उपसभापति डोरविक्रम श्रीस्, नेपाल नागरिक समाजका अध्यक्ष गुणानिधि शर्मा, सुशासन अभियान गुल्मीका अध्यक्ष श्यामकुमार पाण्डे, विनोद पाण्डे लगायतको सहभागिता रहेको थियो । विरोध प्रर्दशन कार्यक्रमको सञ्चालन समाजका सचिव गणेश अधिकारीले गरेका थिए ।

# रामपुरका टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण



**पाल्पा,** असोज २९/जिल्लाको रामपुर नगरपालिकाले टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण थालेको छ । नगरपालिकाले हरेक नागरिकको सहजताको लागि टोल र वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण थालेको हो ।

दुरी टाढा भएका कारण र वृद्ध-वृद्धा भएका जेष्ठ नागरिकलाई बैंकसम्म पुग्नु पर्ने बाध्यता र लाईन बस्नु पर्ने सास्ती भएकाले यसको अन्त्यका लागि वडा नं. १ को टोलबाट भत्ता वितरण सुरु गरिएको नगर सरकारले जनाएको छ । वडा नं. १ को बर्दाकोट टोलबाट भत्ता वितरण सुरु गरिएको हो । कृषि विकास बैंकका कर्मचारीहरुको उपस्थितिमा नगर प्रमुख रमण बहादुर थापा, उपप्रमुख बालकुमारी थापा, प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डित, नगर प्रवक्त एवं वडा अध्यक्ष कपिल बहादुर खाँणले टोल बाटै भत्ता वितरण कार्यको शुभारम्भ गरेका छन् । नगर प्रमुख रमण बहादुर थापाले दुरीका हिसाबले टाढा रहेका वृद्ध बुवा आमा, अपाङ्गता भएका नागरिक र एकल महिलाहरुको लागि मध्यनजर गरेर टोल बाटै भत्ता वितरण सुरु गरिएको बताए । जनतालाई स्थानीय सरकारको अनुभुति दिलाउन नगरका ग्रामीण भेग टोल बाटै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्यलाई अगाडि बढाइएको उनको भनाई छ । प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितले नगर कार्यपालिकाले निर्णय गरी कृषि विकास बैंकसँग सम्झौता गरी बैंकका कर्मचारीहरुको उपस्थितिमा भत्ता वितरणको व्यवस्था गरिएको जानकारी दिए । प्रवक्ता कपिल बहादुर खाँणले सरकारले दिने सेवा सुविधा प्राप्त गर्न पनि धेरै समय र गाडी भाडा खर्चेर कष्टका साथ जानु पर्ने वडाबासीहरुको बाध्यतालाई मध्यनजर गर्दै वडा कार्यालय र टोलबाट सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरिएको बताए । कृषि विकास बैंक रामपुर शाखाले टोलमा पुगेर बैंक खाता खोलेर अहिले भत्ता वितरण थालेको शाखाका प्रबन्धक केशवराज डोटेलले जानकारी दिए । टोल बाटै भत्ता बुझ्न पाउँदा जेष्ठ नागरिकहरु हर्षित भएका छन् । रामपुर १ बर्दाकोटका ९० वर्षिय थीर बहादुर थापा मगरले टोल बाटै भत्ता पाउँदा खुशी लागेको बताए । 'सुरुवातमा हामीले गाउँ बाटै भत्ता लिएका थियौं । बिचमा बैंकबाट लिने भनेर रामपुर जानु पर्ने भयो । हिडेर जान नसकिने, गाडीमा चढेर जानु पर्ने बाध्यता थियो । अहिले फेरी गाउँ बाटै लिन पाउँदा खुशी लागेको छ' उनले भने । नगरपालिकाको कार्यले निकै सहज भएको अर्का स्थानीय पुन बहादुर सारुले बताए ।

## सदस्यता नवीकरण सम्बन्धी जरुरी सूचना

पाल्पा उद्योग वाणिज्य संघको सदस्यता लिनु भएका सम्पूर्ण सदस्यहरुलाई आ.व. २०८०/०८१ को आफ्नो सदस्यता नवीकरण यही २०८० आश्विन मसान्त भित्र गर्नु हुन अनुरोध गरिन्छ । सो अवधी पछि नविकरण गर्नको लागि विधान बमोजिम विलम्ब शुल्क रु.२५ लाग्नेछ । २०८० चैत्र मसान्तसम्म पनि सदस्यता नवीकरण नभएमा विधान बमोजिम सदस्यता खारेज हुने व्यहोरा जानकारी गराइन्छ ।

सदस्यता नवीकरण शुल्क तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| साधारण सदस्यको लागि | रु.७७५।- |
| एशोसियट सदस्यको लागि | रु.१४००।- |
| वस्तुगत सदस्यको लागि | रु.१९००।- |

अनुरोधक

पाल्पा उद्योग वाणिज्य संघ

भगवतीस्थान, तानसेन, पाल्पा

सम्पर्क नं. : ०७५-५२०१३३, ५२११६४

मोवाइल नं. : ९८५७०६८३२५

ईमेल : palpachamber@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गरिबी निवारण दिवसको सार्थकता

आज अक्टोबर १७ अर्थात् अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९९३ देखि हरेक वर्षको अक्टोबर १७ का दिन अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस मनाउने गरिएको छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउने गरिएको छ । नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयले हरेक वर्ष यो दिवस मनाउँदै आएको छ । नेपालमा जनताको जीवनस्तरमा परिवर्तन भई गरिबी निवारण गर्ने लक्ष्य राखिए पनि यो सधैँ चुनौतीका रुपमा रहिआएको छ । बर्सेनि दुई प्रतिशतका दरले गरिबी घटिरहेको तथ्याङ्क सार्वजनिक हुने गरे पनि निरपेक्ष गरिबीको रेखामुनि रहेका समूहको जीवनस्तरमा भने खासै परिवर्तन हुन सकेको छैन ।

अझै पनि देशका धेरै नागरिक गरिबीका कारण आधारभूत आवश्यकताबाटै बञ्चित भइरहेका छन् । संविधानले आधारभूत आवश्यकताबाट कोही पनि बञ्चित हुन नपर्ने व्यवस्था गरे पनि गाँस, बास र कपासकै समस्याबाट धेरै नागरिक गुज्रिनु परेको छ । यो अत्यन्त दु:खको कुरा हो । गरिबी अभावको अवस्था हो । यसका स्वरूप र आयाम धेरै भए पनि जीवन निर्वाहका लागि आधारभूत आवश्यकता प्राप्त गर्नबाट बञ्चित हुनु नै गरिबी हो । कुनै पनि मुलुकले गति लिन नसक्नुको पछाडी प्रमुख कारण गरिबी नै हो । बहुआयामिक गरिबीको मापन स्वास्थ्य, शिक्षा र जीवनस्तरसँग सम्बन्धित १० वटा सूचकका आधारमा गरिन्छ । पोषण, बाल मृत्युदर, विद्यालय गएको औसत वर्ष, हाजिरी भएको दर, खाना पकाउने इन्धन, सरसफाइ, खानेपानी, विद्युत, घर र सम्पत्तिको स्वामित्वजस्ता सूचकमा बञ्चित भएका मानिसलाई गरिब मानिन्छ । गरिबी पनि राज्यका अंगसँगै जोडिएर आउने विषय भएकाले यसको निवारणका लागि सरकारका सबै निकाय क्रियाशील भएर लाग्न आवश्यक छ । यसो भयो भने मात्र हरेक वर्ष गरिबी निवारण दिवस मनाउनुले सार्थकता पाउन सक्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने निश्चित छ ।

### Opinion @ Social Network

मलाई मृत्युसँग भन्दा यादसँग बढी डर लाग्छ । मृत्युले एक पटक मार्छ तर, यादहरुले अतित पल्टाइ-पल्टाइ सम्झाइ-सम्झाई पटक-पटक मार्छ ।
(**मिला दरैको फेसबुक स्टाटस** *https://www.facebook.com/mk.mila*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रानीमहल क्षेत्र : बिच भलिबलको हब र विकासको सम्भावना



**पदम न्यौपाने**

*नेपालमा खेल क्षेत्रमा लोकप्रियता र अन्तर्राष्ट्रिय सफलताका आधारमा सरकारले भलिवललाई नेपालको एक मात्र राष्ट्रिय खेल घोषणा गरेको छ । आवश्यक न्यूनतम आधारभूत आवश्यकताका पूर्वाधार तथा उत्प्रेरणाजन्य सुविधा अपेक्षित नभए पनि नेपालमा भलिबल टिमका खेलाडीले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो दह्रो उपस्थिति देखाउन सफल भएका छन् । यसले के प्रमाणित गर्छ भने नेपालमाबिच भलिबलको प्रशस्त सम्भावना छ । भलिबलको एउटा विधाको रुपमा रहेको बिच भलिबल पनि अन्तर्राष्ट्रिय पदकका लागि निकै सम्भावना भएको खेल मानिन्छ ।*

संसारमा बिच भलिबलको विकास समुन्द्री तटहरुमा मात्र भएको देखिन्छ । समुन्द्रीतट मनोरञ्जनात्मक पर्यटनका लागि उपयुक्त थलो पनि मानिन्छ । तसर्थ यसलाई मनोरञ्जनात्मक खेल पनि भन्ने गरिन्छ । यहि खेललाई नेपाल जस्ता पहाडी मुलुकमा पनि सम्भव हुन सक्छ र अन्तर्राष्टियकरण हुँदै गएको यो खेललाई प्रतियोगितात्मक हिसाबले हेर्दा नेपालमा पनि सम्भावना र अवसर दुवै छ भन्ने लागेर भित्र्याईएको खेल हो । नेपाल साहसिक पर्यटनका लागि अधिक सम्भावनायुक्त थलो हो । नेपालका नदीहरु विभिन्न प्रकृतिका खेलका लागि पनि उपयुक्त मानिएका छन् । नदी र यससँग जोडिएका भू-भाग खेल पर्यटनका लागि सम्भावनायुक्त क्षेत्रहरु हुन् । खेलका माध्यमबाट नेपालको पर्यटन विकासमा ठूलो योगदान दिन सकिन्छ । खेल पर्यटन खेल क्षेत्रमा नयाँ अवधारणा सहित सम्भावना भएको क्षेत्र पनि मानिन्छ ।

यसै पृष्ठभूमिमा पाल्पाको रानीमहल आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक थलो पनि हो । ऐतिहासिक र साँस्कृतिक महत्व बोकेको कालीगण्डकीको किनारमा रहेको विश्व सम्पदा सुचिमा सूचिकृत यो दरबार र वरीपरिको यस क्षेत्रलाई प्रशस्त आन्तरिक तथा बाह्य पर्यटनको सम्भावना बोकेको क्षेत्र पनि मानिन्छ । सञ्जय मेमोरियल फाउण्डेसनले यस क्षेत्रलाई बिच भलिबलको एउटा गन्तव्य (हब)को रुपमा विकास हुन सक्ने सम्भावनालाई मध्यनजर राख्दै यस स्थानमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बिच भलिबल प्रतियोगिता गर्न सकिने स्थानको रुपमा विकास गर्ने लक्ष्य लिएर गत वर्ष र यो वर्ष राष्ट्रिय प्रतियोगिता आयोजना गरेको थियो । दुईवर्ष लगातार आयोजना गरिएका प्रतियोगिताको प्रभाव र पर्यटन क्षेत्रमा पर्ने प्रभाव र योगदानलाई मध्यनजर राख्दै यस क्षेत्रलाई तानसेन नगरपालिका र छिमेकको बगनासकाली गाउँपालिकाद्धारा संयुक्त रुपमा बिच भलिबलको हब घोषणा गरिएको छ । त्यतिमात्र नभई नेपाल पर्यटन बोर्डले समेत आफ्नो प्रकाशन In Focus on 2022 मा विदेशीहरुले रमाउने अर्को गन्तव्य भनेर रानीमहल क्षेत्रलाइ बिच भलिबलको सम्भावना बारेमा उल्लेख गरेको छ । यो पाल्पाको खेल क्षेत्रमा एउटा नयाँ अध्याय हो भने बिच भलिबलका खेलाडीका लागि ठूलो अवसर पनि हो ।

नेपालमा खेल क्षेत्रमा लोकप्रियता र अन्तर्राष्ट्रिय सफलताका आधारमा सरकारले भलिवललाई नेपालको एक मात्र राष्ट्रिय खेल घोषणा गरेको छ । आवश्यक न्यूनतम आधारभूत आवश्यकताका पूर्वाधार तथा उत्प्रेरणाजन्य सुविधा अपेक्षित नभए पनि नेपालमा भलिबल टिमका खेलाडीले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो दह्रो उपस्थिति देखाउन सफल भएका छन् । यसले के प्रमाणित गर्छ भने नेपालमाबिच भलिबलको प्रशस्त सम्भावना छ । भलिबलको एउटा विधाको रुपमा रहेको बिच भलिबल पनि अन्तर्राष्ट्रिय पदकका लागि निकै सम्भावना भएको खेल मानिन्छ । नेपालमा यसको इतिहास लामो नभए पनि उभराउँदो खेलको रुपमा लिन सकिन्छ । हालसम्म भएका प्रतियोगिता र सहभागी नेपाली महिला बिच भलिबल टिमले राम्रो र आशालाग्दो खेल प्रदर्शन गरेका कारणले यसको विकासमा मद्धत गर्न सकियो र बिच भलिबलकै राष्ट्रिय टिम बनाउन सकियो भने यस खेलबाट पनि नेपालले धेरै अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने देखिन्छ । खेलका माध्यमबाट नेपालको पर्यटन क्षेत्रमा पनि मद्धत गर्न सकिन्छ भन्ने पछिल्ला अभ्यासले प्रमाणित गरिसकेको पृष्ठभूमिमा पाल्पाको रानीमहललाई खेल आयोजना स्थल छनौट गरिएको आयोजक संस्थाका अध्यक्ष निरोज मास्केको भनाइ रहेको छ । रानीमहल क्षेत्रलाई बिच भलिबलको हब घोषणा गराउने लक्ष्यलाई सहयोग गर्दै नेपाल सरकारले यस वर्ष राष्ट्रिय प्रतियोगिता आयोजनाका लागि केही रकम बजेटमै उल्लेख गरी रानीमहल क्षेत्रलाई बिच भलिबलको हव निर्माण गर्ने अभियानलाई साथ दिएको थियो ।

नेपालको खेल इतिहासमा एउटा प्रतियोगिता सम्पन्न भै दोश्रो प्रतियोगिताको दौरान कुनै क्षेत्रलाई खेल हबको घोषणा गरिएको सायद यो पहिलो इतिहास हुन सक्छ । यसरी स्थानीय सरकारहरु सकारात्मक बन्न सक्नु त्यस प्रतियोगिताले लिएको लक्ष्य र उद्धेश्यले नै उत्प्रेरित गरेको हुनु पर्छ । यो रकम (बजेट) सक्नका लागि आयोजना गरिने खेल कार्यक्रम आयोजकहरुलाई उदाहरण बन्न सक्छ । यस कार्यले लाखौ करोडौ खर्चेर गरिने खेल प्रतियोगिता पश्चात सो स्थानमा केही नरहने प्रवृतिका लागि चुनौती पनि हो । प्रतियोगिता आयोजनाका लागि तयार पारिएको प्रस्तावमा उल्लेख गरिएका उद्देश्यहरु पनि वडो जिम्मेवार ढंगले खेलको दीर्घकालिन विकासमा प्रभाव पार्ने गरी अगाडि सारेको देखिन्छ । नेपालमा बिच भलिबलको बेग्लै टिम तयार हुनका लागि आवश्यक वातावरण पनि तयार पारिएको देखिदैन । नेपाल सरकारले भलिबल खेललाई राष्ट्रिय खेलको रुपमा घोषणा गरे पनि सो अनुरुपको सोच र सहयोग प्रति उदासिन देखिन्छ । भलिबल खेल सम्वद्ध संस्था नेपाल भलिबल संघले पनि स्पष्ट अवधारणा बनाउन सकिरहेको देखिदैन । संघ प्रतियोगितामा मात्र केन्द्रित हुने हो की भलिबलको खेल विकासका लागि अध्ययन अनुसन्धान गरी सरकार वा सम्वद्ध निकायहरुलाई आवश्यक नीति नियम बनाउन सहयोग पनि गर्ने हो, यसका सम्भावनाको पहिचान गरी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र परिचालन पनि गर्ने हो भन्नेमा आफैमा अलमलमा रहेको संघले बिच भलिबललाई सम्भावना युक्त खेलको रुपमा स्विकार गरेको देखिदैन । यसबारे न अध्ययन, न अनुसन्धान न त यस बारे राष्ट्रिय छलफल पनि गरेको देखिदैन । भलिबल संघका पूर्व उपाध्यक्ष निरोज मास्केको व्यक्तिगत पहल र लगानीमा विकास हुँदै गएको यो खेल प्रति उदार र सकारात्मक पनि बन्न सकेको देखिदैन । भलिबलका खेलाडीहरुबाटै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय या क्षेत्रीय प्रतियोगितामा सामेल गराउने काम गरेको छ । यसलाई संघले आफ्नो उपलब्धी ठानेको छ । नेपालका विभिन्न नदीका किनार बिच भलिबलका लागि उपयुक्त हुन र यहाँबाट उत्पादन हुने खेलाडी प्रतिष्पर्धी हुन सक्छन् । संघले यी नदी किनारबाट राष्ट्रिय टिमको विकास हुन सक्छन् भन्ने कल्पना पनि गरेको देखिदैन । भलिबलका जिल्ला संघहरु पनि खेल विकासमा केन्द्रित हुन सकेका छैनन् ।

जहाँसम्म पाल्पाको रानीमहल क्षेत्रलाई बिच भलिबलको हब घोषणाको सन्दर्भलाई उल्लेख गनुपर्दा केही थप पहलहरुको आवश्यकता देखिन्छ । हबको घोषणाबाट जिल्ला भलिबल संघ उत्साही हुनुपर्ने थियो त्यस्तो देखिदैन । रानीमहल क्षेत्र भनेको कालीगण्डकी किनारमा रहेको स्वदेशी विदेशी पर्यटकका लागि आकर्षणको रुपमा रहेको भव्य कलात्मक दरबार, प्राकृतिक रुपमै खेल मैदान उपलव्ध हुने बालुवाको उपलब्धता रहने क्षेत्र, पर्यटकीय आकर्षण रहेका आधादर्जन पुरातात्विक सम्पदाहरुको बिच भागमा रहेको क्षेत्र, हिन्दुहरुले विष्णु भगवानको रुप मान्ने शालिग्राम उपलब्ध हुने नदी र बालुवा, शान्त र स्वच्छ चिसो हावापानी र वातारण रहेको क्षेत्र र तानसेन बजारबाट १२ किमी दुरीमा रहेको र दश किमी बजार क्षेत्र आउँदा झण्डै डेढ दर्जन हिमाली श्रृखांला अलोकन गर्न पाउने, यहीबाटै मुक्तिनाथ जाने कालिगण्डकी करीडोर जस्ता विशेषता भए पनि यी पक्ष र अवसरहरु नजरअन्दाज गरिएका कारणले पनि ठूलो सम्भाव्य क्षेत्र भनेर नदेख्नु पनि एउटा कारण देखिन्छ । त्यसैगरी पाल्पा, स्याञ्जा, गुल्मी, पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङ जिल्लाहरु यही नदीले जोडिएका जिल्लाहरु हुन् । यी जिल्लामा स्थानीय क्लवहरु गठन गरी नियमिति प्रतिष्पर्धा गर्ने बातावरण बनाउन सकियो भने यही बाटै केही वर्ष भित्रमा बिच भलिबलका खेलाडी उत्पादन हुने र यसै क्षेत्रबाट महिला र पुरुषको राष्ट्रिय टिम बन्न सक्छ भन्ने धारणा पनि बनाउन नसक्नु हो । यी र यस्तै प्रशस्त सम्भावना बोकेको यस क्षेत्रका स्थानीय भलिबल प्रेमी खेलाडीहरुले बुझ्दा मात्र खेल, खेलाडीको विकास हुन जाने देखिन्छ । यति मात्र होइन बिच भलिबलको केन्द्रिय संघ पनि गठन हुन जाने देखिन्छ । अर्को पक्ष स्थानीय सरकारहरुले पनि खेल प्रति रुचि बढाउने र सानो तिनो लगानी विनियोजनमात्र गर्दै जाने हो भने बाह्य लगानी पनि भित्रिने छ । खेल पर्यटन पनि पर्यटन क्षेत्रको नयां अवधारणा विकास भइरहेको र कतिपय राष्ट्रले यसमा जोड दिदै आएका छन् । अवसरको उपयोग पनि गरिरहेको देखिन्छ ।

एउटा ठूलो व्यवहारिक सम्भावना रहेको रानीमहल क्षेत्र र घोषणा भएको बीच भलिबलको हबको दीगो विकास र पर्यटन प्रवर्द्धनमा कल्पना नगरिएको उपयोग गर्ने हो भने स्थानीय सरकार र प्रदेश सरकारको ध्यान जानु जरुरी छ । केही आवश्यक पूर्वाधार विकासमा सामान्य लगानी गर्न जरुरी छ । भलिबल खेलमा रुचिराख्ने खेलाडीहरुले किनार पर्ने पालिकाहरुमा क्लवहरु गठन गरी बिच भलिबलका बेग्लै टिम बनाई प्रतियोगिता सञ्चालन गर्ने र यसका लागि वडाहरुको सहयोग नै प्रचुर हुन्छ । जिल्लास्तरीय प्रतियोगितामा पालिकाहरुको सहयोग र प्रदेशस्तरीय प्रतियोगितामा प्रदेश सरकार एवं राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगिताको लागि संघले सहयोग गर्ने व्यवस्था मिलाउन सकिन्छ । यसका साथै बिच भलिबलमा आकर्षित हुन उत्प्रेरीत गर्ने र नयाँ खेलाडी जन्माउन अभिप्रेरित गर्ने अभियान चलाउन जरुरी छ । बिच भलिबलको विकासमा निजि क्षेत्रलाई आकर्षित गरी बिच भलिबल खेल विकासमा सहभागि हुन अभिप्रेरित गराउन सकिन्छ । आगामी वर्षदेखि स्थानीय सरकार ( नगरपालिका) वा खेलकुद सम्बद्ध निकाय वा निजि क्षेत्र यि निकायको सहकार्यमा क्लव वा संघद्धारा सञ्चालन निरन्तरता दिने वातावरण निर्माण गर्न आवश्यक छ । यस कार्यका लागि पाल्पाका दुई चारजना मात्र सक्रिय हुने हो भने मात्र पनि सम्भव छ ।

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस क्वेदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : खानपिनले मन लोभ्याउनेछ । रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ।
**बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ ।
**मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।
**कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ ।
**सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ ।
**कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् ।
**तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ ।
**बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ ।
**धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ।
**मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ ।
**कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ ।
**मिन** : काम नबन्नाले दिक्क लाग्नेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ ।




# चीनले किन विस्तार गर्दैछ आफ्नो अन्तरिक्ष स्टेशन ?



अन्तरिक्षमा अमेरिकी अन्तरिक्ष संस्था नासाको नेतृत्व तथा विभिन्न देशको सहभागिता रहेको अन्तर्राष्ट्रिय स्पेस स्टेशन मा होइन चीनको आफ्नै तियाङगोंग स्पेस स्टेशन पनि छ । अन्तर्राष्ट्रिय स्पेश स्टेशनको आयु समाप्त हुने समय नजिकिँदै गर्दा चीनले भने आफ्नो अन्तरीक्ष स्टेशन विस्तार गर्ने योजना अघि सारेको छ । चीनले घोषणा गरेको नयाँ योजना अनुसार आगामी वर्षहरुमा तियाङगोंग स्पेस स्टेशनमा रहेको मोड्युलको संख्या तीनबाट बढाएर ६ पुऱ्याइने छ ।

पृथ्वीबाट नजिक रहेर विभिन्न अन्तरिक्ष मिसनका लागि तियाङगोंगमा एक वैकल्पिक मञ्च प्रदान गर्ने योजना चीनको छ, खासगरी सन् २०३० को आसपासमा अन्तर्राष्ट्रिय स्पेस स्टेशन रिटायर्ड भएसँगै अन्य मुलुकका अन्तरिक्ष यात्रीका लागि । अजरबैजानको बाकुमा आयोजित ७४औं अन्तरीक्षयात्री कंग्रेसका क्रममा चीनको स्पेस एजेन्सीको महत्वपूर्ण साझेदारको रुपमा रहेको चाइना एकेडेमी अफ स्पेस टेक्नोलोजीले अन्तरिक्ष स्टेशनको जीवनकाल १० बाट बढाएर १५ वर्ष बनाउने योजना भैरहेको बताएको थियो ।

**कस्तो छ स्पेस स्टेशन ?**

चिनियाँ अन्तरिक्ष स्टेशनको नाम तियाङगोंग हो । चिनियाँ भाषामा यसको अर्थ आकाशको दरबार भन्ने हुन्छ । यो स्पेस स्टेशनले अन्तरिक्षमा चीनको पछिल्लो सफलतालाई देखाउँछ । यो स्पेस स्टेशनको तौल ९६००० केजी रहेको छ । यसको लम्बाई ५५.६ मिटर र चौडाई ३९ मिटर रहेको छ । भविष्यमा यसलाई विस्तार गरी तीनवटा थप मोड्युल जोड्ने योजना चीनको छ । चौथो मोड्युल पनि यसमा जोडिनेछ जसलाई अस्थायी रुपमा जिन्टियन नाम दिइएको छ ।

आगामी वर्ष सन् २०२४ मा यसलाई प्रक्षेपण गरिनेछ । तियाङगोंग स्पेस स्टेशनले ३४० देखि ४५० किलोमिटरको उचाइँबाट पृथ्वीको परिक्रमा गर्दछ । यसको परिक्रमण मार्ग अन्तर्राष्ट्रिय स्पेस स्टेशनकै मार्गमा भए पनि यसको आकार निकै छोटो र वजन निकै कम छ । आइएसएसमा १६ वटा मोड्युल छन् ।

**अन्तर्राष्ट्रिय स्पेस स्टेशन ( आइएसएस) के हो ?**

इन्टरनेसनल स्पेस स्टेशन विश्वभरका प्रमुख अन्तरिक्ष एजेन्सीहरुले मिलेर निर्माण गरेको स्टेशन हो । यसमा अमेरिका, रुस, युरोप, जापान तथा क्यानडा सामेल छन् । यसमा अन्तर्राष्ट्रिय अन्तरिक्ष यात्री जान्छन् । यो स्टेशन तालीम तथा अनुसन्धान केन्द्रको रुपमा प्रयोग हुँदै आएको छ । यो बहुराष्ट्रिय अन्तरिक्ष स्टेशनमा चीनको भने सहभागिता छैन । यो स्टेशन पछिल्लो २ दशकदेखि चलिरहेको छ यसमा अहिलेसम्म २ सय भन्दा धेरै अन्तरिक्षयात्री गइसकेका छन् । सन् २०३० मा यो स्पेस स्टेशनलाई रिटायर्ड गर्ने योजना नासाको छ ।

*-अनलाइन खबर डटकम*

# गुगल 'पिक्सेल ८' सिरिज : अन्य एन्ड्रोइड निर्मातालाई दबाब, एप्पललाई चुनौती



गुगलले केही दिनअघि आफ्नो बहुप्रतिक्षित स्मार्टफोन 'पिक्सेल ८' सिरिज सार्वजनिक गरेको छ । गुगलले सिरिजअन्तर्गत पिक्सेल ८ र पिक्सेल ८ प्रो सार्वजनिक गरेको थियो । यी फोनमा वस्तुलाई नाप्न सकिने, तापक्रम पत्ता लगाउने र अर्को महत्वपूर्ण फिचरका रूपमा सात वर्षसम्मको सफ्टवेयर सपोर्ट दिने विशेष सुविधा रहेको छ । पिक्सेल स्मार्टवाच २ सहित सार्वजनिक भएको यो फोनले आइफोन १५ सिरिजसँग महत्वपूर्ण प्रतिस्पर्धा गर्ने ठानिएको छ ।

पिक्सेल ८ को मूल्य ६९९ अमेरिकी डलर (करिब ९२ हजार नेपाली रुपैयाँ) रहेको छ भने, पिक्सेल ८ प्रोको मूल्य ९९९अमेरिकी डलर ( करिब १ लाख ३२ हजार नेपाली रुपैयाँ) रहेको छ । फोनमा फोटो खिच्दा सबैलाई एउटै दिशातर्फ हेरिरहेको र हासिरहेको जस्तो देखाउन सकिने 'बेस्ट टेक', जेनेरेटिभ एआई प्रयोग गर्नसकिने र भिडियोमा ब्याकग्राउन्डको हल्ला हटाउन सकिने जस्ता अत्याधुनिक फिचर रहेका छन् । यस्तै, पिक्सेल ८ प्रोमा म्यानुअल क्यामेरा कन्ट्रोल र एआईसहितको नाइट साइट भिडियो जस्ता विभिन्न सुविधा उपलब्ध छन् । दुवै फोनमा गुगलको नयाँ टेन्सर जी३ चिपसेट रहेको छ भने, आर्टिकलको सारांश भन्ने, पढ्नसक्ने, अनुवाद गर्नसक्नेदेखि ग्रामर चेकगर्नसक्ने जस्ता अत्याधुनिक एआई सुविधा रहेका छन् । र सबैभन्दा महत्वपूर्ण रूपमा सात वर्षसम्म सृटवेयरका लागि सहयोग वा सपोर्ट उपलब्ध गराउने कम्पनीको विशेष सुविधा मानिएको छ । यसले पछिल्लो समय विश्वभर मोबाइल फोनको व्यापार घट्दै गएका बेला लामो समय सुरक्षित रूपमा फोन चलाउन खोजिरहेका प्रयोगकर्तालाई विशेषरूपमा आर्कषित गर्ने अपेक्षा गरिएको छ । यसले एन्ड्रोइड फोन उत्पादन गर्ने अन्य कम्पनीहरूलाई समेत सफ्टवयर सपोर्ट अवधि बढाउन बाध्य पार्ने ठानिएको छ । जुन ग्राहकहरूका लागि फाइदाजनक हुनेछ । यसअघि गुगलले पिक्सेल ६ मा तीन वर्षको सफ्टवेयर अपडेट दिँदा सामसङले ग्यालेक्ससी एस र जेड फोनमा चार वर्षसम्म अपडेट दिने निर्णय गरेको थियो । वानप्लसले पनि हालै चार वर्षसम्म सफ्टवेयर अपडेट र पाँच वर्षसम्म सुरक्षा अपडेट दिने घोषणा गरेको छ । पिक्सेल ८ ले सात वर्षसम्म सृटवेयर अपडेट दिने घोषणा गरेसँगै यसले अन्य फोन निर्मातालाई फेरि प्रतिस्पर्धामा ल्याउने भएको हो । अत्याधुनिक फिचर, लामो समयसम्म नयाँ सृटवेयर चलाउन पाइने र सुरक्षा अपडेट पाइरहने जस्ता सुविधाका कारण पिक्सेल ८ सिरिजले आइफोन १५ लाइ टक्कर दिने आँकलन गरिएको छ । गुगलको पिक्सेल स्मार्टवाच २ पनि परिस्कृत डिजाइन र १० प्रतिशत कम तौलका साथ विशेष फिचरसहित बजारमा आएको छ ।

*-डिसी नेपाल डटकम*

# सामसङको २०२३ टिभी सिरिज नेपाली बजारमा




सामसङले क्रिस्टल युएचडी टिभी र क्युएलइडी टिभी सेटहरूको नयाँ लाइन-अप, २०२३ सि-सिरिज टिभी नेपाली बजारमा सार्वजनिक गरेको छ । दसैं-तिहार लक्षित गरी सामसङ २०२३ टिभी सिरिज नेपाली बजारमा सार्वजनिक गरिएको हो । यो नयाँ लाइन-अपको टिभीहरू ४३ इन्चदेखि ८५ इन्चसम्मका विभिन्न साइजमा उपलब्ध रहेको कम्पनीको भनाइ छ । नयाँ २०२३ क्रिस्टल युएचडी टिभी र क्युएलइडी टिभीमा सामसङको फ्ल्यागसीप फिचरहरू रहेको कम्पनीको भनाइ छ । सामसङको सिग्नेचर नक्स सेक्युरिटी, बिल्ट-इन एआई भ्वाइस असिस्टेन्ट बिक्स्बी, स्मार्टथिन्ग्स एपको एक्सेस र स्लिमफिट क्यामको साथ भिडियो कल गर्न मिल्ने सुविधा रहेको कम्पनीले बताएको छ ।

कम्पनीका अनुसार यी टिभीहरूमा काल्म अनबोर्डिङ र अटो ब्राइटनेस अद्जस्त गर्नका लागि आइओटी लाइट सेन्सरहरूको सुविधा पनि रहेको छ । यसैसँगै सि-सिरिजका टिभीहरू वातावरणलाई ध्यानमा राखेर डिजाइन र निर्माण गरिएका छन् र धेरै पार्टहरू पुनर्नवीकरण गरिएका हुनुको साथै सोलार सेल रिमोट र एआई एनर्जी सेभिंगका पनि प्रगोग गरिएको छ । यसका साथसाथै ३१ डिसेम्बर २०२३ भित्रमा खरिद गरिएका २०२३ टिभीहरूमा ३ वर्षको पूर्ण वारेन्टी छ । यी सिरेजमा कनेक्टेड एक्सपिरियन्स ग्राहकका घरमा ल्याउन सक्षम हुने सामसङ नेपालका कन्जुमर इलेक्ट्रोनिकस्का महाप्रबन्धक आलोक कुमार गुप्ताले बताए । कम्पनीका अनुसार नयाँ २०२३ लाइन-अप प्रयोगकर्ताहरूलाई असल इमर्सिभ कन्टेन्टको अनुभव प्रदान गर्न डिजाइन गरिएको हो । हाइ डाइनामिक रेन्जबाट सम्भव भएको प्रकाश स्तरहरूको परिष्कृत दायराको साथ, प्रयोगकर्ताहरूले रङहरूको विशाल स्पेक्ट्रम र सबैभन्दा अँध्यारो दृश्यहरूको सानो सानो विवरणहरू पनि देख्न सकिने कम्पनीको भनाइ छ । ओटीएस लाइट सुविधाले दुई भर्चुअल स्पिकरहरू र एडप्टिभ साउन्ड मार्फत सिर्जना गरिएको थ्रिडी सराउण्ड साउन्डको साथमा अन-स्क्रिन भएका गतिहरूलाई यथार्थपरक अनुभूति गराउने कम्पनीले बताएको छ ।

**यसका विशेषताहरू:**

**प्रिमियम डिजाइन**

घरको कुनै पनि ठाउँमा फिट गर्न सकिने गरी डिजाइन गरिएको छ । नयाँ २०२३ क्रिस्टल युएचडी टिभी र क्यूएलईडी टिभीको डिजाइन उत्कृष्ट भएको र घरमा भएको कुनै पनि प्रकारको पर्खाल र सजावटको सौन्दर्यमा समायोजन गर्न सकिन्छ । जसबाट यसको एयरस्लिम डिजाइनको कारणले जता पनि घुलमिल्छ । यसको एडजस्ट गर्न मिल्ने हाइटले गर्दा यो कुनै पनि कोठा र कुनै पनि ठाउँका लागि फिट हुन्छ ।

**स्लिम सोलार पावर्ड रिमोट**

एक पूर्ण ब्याट्री-रहित रिमोट कन्ट्रोल जसलाई कोठाको बत्तीहरू र वाइफाइ राउटरहरूबाट उत्सर्जित अतिरिक्त ऊर्जा मार्फत चार्ज गर्न सकिने स्लिम सोलार पावर्ड रिमोट मिनिमलिस्टिक कुञ्जीहरू र बिल्ट-इन माइक्रोफोनको साथ आउँछ ।

**१०० प्रतिशत करल भोल्युम**

२०२३ टिभीहरूले एक बिलियन टु कलर्सको चमक देखाउँदछ, जसले समृद्ध र जीवन्त रङहरूको अरबौं सेडहरू, र यसको प्रोसेसर जसले लो-रिजोल्युसन तस्विरहरूलाई उच्च फोके डिस्प्लेमा अपस्केल गर्दछ । भिडिइद्वारा प्रमाणित, प्रयोगकर्ताहरूले रङ्गको रेन्ज र पिक ब्राइटनेसको सुधारिएको दायराको आनन्दको साथ पहिले भन्दा धेरै विस्तृत विवरणहरूमा आफ्ना मनपर्ने कन्टेन्टहरूको आनन्द लिन सक्छन् । जसले स्क्रिनलाई जतिसुकै चम्किलो रूपमा उज्यालो वा अँध्यारो भए तापनि धेरै फरक रङहरू वास्तविकतामा ल्याउन सक्छ ।

**थ्रिडी साउण्ड**

ओब्जेक्त ट्र्याकिङ साउन्ड लाइटले दुई भर्चुअल टप स्पिकरहरूको प्रयोग गरी घरको आरामबाट सिनेमेटिक थ्रिडी साउण्डको मजा लिन दिन्छ । ओटियस लाइटले स्क्रिनमा भएका तत्वहरूको चालहरू ट्र्याक गर्छ र त्यो तत्वको स्थानसँग मेल खाने ध्वनि उत्पादन गरी गतिशील थ्रीडी-जस्तो ध्वनि अनुभव सिर्जना गर्दछ ।

**बिल्ट-इन एआई भोइस असिस्टेन्ट**

बिक्सबी, एक बिल्ट-इन एआई भ्वाइस असिस्टेन्टले कन्टेन्टको सहज आनन्द दिन्छ । बोलेरै कनेक्टेड डिभाइस प्रयोग गरी आफूले चाहेको कन्टेन्ट फेला पार्न सकिन्छ ।

**कति पर्छ मूल्य ?**

नयाँ क्रिष्टल युएचडी सियु७७००, सियु८०००, क्युएलइडी टिभीएस क्यू६०सी श्रृंखलाहरू २०२३ सी-सिरिजको यो दसैं र तिहार विशेष अफरमा उपलब्ध छन् । यस अफर मार्फत सामसङ टिभीहरूमा ४१ प्रतिशतसम्म छुट र सन् २०२३ को अन्त्यसम्म यस अफर अवधिमा खरिद गरेको हरेक टिभीमा ३ वर्षको वारेन्टी लिन सकिने कम्पनीको भनाइ छ । चाडपर्व अफरमा नयाँ सि-सिरिजको मूल्य विशेष ७२ हजार १५९ रुपैयाँबाट सुरू हुने कम्पनीले बताएको छ ।

*-सेतोपाटी डटकम*

# अस्ट्रेलियाले एस्कलाई तिरायो जरिवाना



बाल दुर्व्यवहार सम्बन्धी मामिलामा भएको एउटा छानबिनमा सहयोग नगरेको भन्दै अस्ट्रेलियाको नियामकले अमेरिकी माइक्रोब्लगिङ वेबसाइट एक्सलाई झन्डै ४ लाख अमेरिकी डलर जरिवाना तिराएको छ । एक्ससँग विज्ञापनदाताहरू तर्किरहेकै बेलामा अस्ट्रेलियाको यो निर्णयले कम्पनीलाई अर्को धक्का दिएको छ ।

एक्समा बाल दुर्व्यवहारजन्य सामाग्रीको पहिचान गर्न कम्पनीले कुन विधिको प्रयोग गर्ने गरेको छ र त्यस्ता सामाग्रीमा आवश्यक प्रतिक्रिया जनाउन कम्पनीलाई कति समय लाग्छ भन्ने समेतका प्रश्नहरूको उत्तर एक्सले दिएको थिएन । यस मामिलामा कम्पनीलाई ३ लाख ८६ हजार अमेरिकी डलर अर्थात् झण्डै ५ करोड १५ लाख ४२ हजार रुपैयाँ बराबर जरिवाना तिर्न आदेश दिइएको हो ।

मस्कले कम्पनी किन्नका लागि खर्च गरेको रकमको तुलनामा जरिवानाको आकार न्यून भए पनि जरिवानाको खबरले एक्सको प्रतिष्ठामा धक्का दिएको समाचारमा जनाइएको छ । मस्कले सन् २०२२ को अक्टोबरमा माइक्रोब्लगिङ वेबसाइट किनेयता नै विज्ञापनदाताहरुले एक्सलाई विज्ञापन दिन कम गरेका थिए । यहीबिचमा इजरायलमा प्यालेष्टाइनी सशस्त्र समूह हमासको आक्रमण सम्बन्धी गलत सूचना प्रवाह रोक्न नसकेको आरोप एक्समाथि लागेको छ ।

यस मामिलामा प्रविधि सम्बन्धी कानुन उल्लैन गरेको हुन सक्ने भन्दै हालै मात्र युरोपेली संघ (ईयू)ले एक्सलाई छानबिनको दायरामा ल्याएको छ । मस्क्ले ट्विटर किन्ने बित्तिकै कम्पनीले अस्ट्रेलियाको कार्यालय बन्द गरेको थियो । अस्ट्रेलियामा सन् २०२१ मा लागू भएको एउटा कानुन अन्तर्गत नियामकहरूले इन्टरनेट कम्पनीहरूलाई अनलाइन सुरक्षा अभ्यासबारे सूचना उपलब्ध गराउन निर्देशन दिन्छ । होइन भने जरिवाना तिर्न बाध्य बनाउन सक्छ ।

एक्सले जरिवाना तिर्न मानेन भने नियामकहरूले कम्पनीमाथि मुद्दै हाल्न सक्नेछन् ।

*-रातोपाटी डटकम*

## हार्दिक मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड विजया दशमी तथा शुभ दिपावली २०८० को पावन अवसरमा सेवाग्राही, सेयर सदस्य, कर्मचारी, शुभेच्छुक तथा देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गोबिन्द ढकाल**
**शाखा प्रबन्धक**
ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
तानसेन, पाल्पा

## बडादसैं २०८० को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना

देश तथा विदेशमा रहनुहुने दाजुभाइ, दिदीबहिनी, शेयर सदस्य, कर्मचारी तथा सम्पूर्ण सेवाग्राही महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शाखा प्रबन्धकः प्रकाश कार्की**
कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
**कामना सेवा विकास बैंक लिमिटेड**
तानसेन, पाल्पा

## बडादसैं २०८० को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना

स्वदेश तथा विदेशमा रहनुहुने नेपाली दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक तथा सम्पूर्ण सेवाग्राहीवर्ग महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो : महेश शर्मा
**आई टि जक्सन मल्टी सर्भिस प्रा.लि.**
तानसेन, पाल्पा

## बडादसैं २०८० को हार्दिक शुभकामना

विजया दशमी २०८० को सुखद अवसरमा समस्त ग्राहकवर्ग, व्यवसायी मित्र तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. डोल बहादुर खाती
**सुरजदेव इन्जिनियरिङ्ग वर्कशप परिवार**
तानसेन, पाल्पा
हामीकहाँ सटर, ग्रील, चेनलगेट, ट्रस, फेन्सी गेट, फेन्सी रेलिङ्ग, डेक्स, बेन्च लगायत फलाम र स्टील सम्बन्धी सम्पूर्ण कामहरु गरिन्छ ।

## बडादसैं २०८० को पावन अवसरमा

बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा सुख, समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दिपेन्द्र लाल श्रेष्ठ
**श्रेष्ठ पुस्तक पसल परिवार**
ठाडोगल्ली, तानसेन, पाल्पा
सम्पर्क : ९८४७०५९६९४, ९८६७५३६८९२

## बडादसैं २०८० को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दीपावलीको शुभ अवसरमा दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. फत सिंह सारु
**रोमा डिपार्टस परिवार**
सिल्खानटोल, तानसेन, पाल्पा

## बडादसैं २०८० को हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली तथा छठपर्वको सुखद अवसरमा समस्त ग्राहकवर्ग, व्यवसायी मित्र तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. लालकाजी शाक्य
**शाक्य वाच तथा मोवाइल रिपेरिङ्ग केन्द्र परिवार**
तानसेन-२, असनटोल, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

हिन्दुहरुको महान चाड विजया दशमी तथा शुभ दिपावली २०८० को पावन अवसरमा सेवाग्राही, सेयर सदस्य, कर्मचारी, शुभेच्छुक तथा देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उपेन्द्र बस्याल
शाखा प्रबन्धक
शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
SHINE RESUNGA DEVELOPMENT BANK LTD.
तानसेन, पाल्पा

## बडादसैं २०८० को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना

देश तथा विदेशमा रहनुहुने दाजुभाइ, दिदीबहिनी, शेयर सदस्य, कर्मचारी तथा सम्पूर्ण सेवाग्राही महानुभावहरुमा सुख शान्ति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शाखा प्रबन्धक : हरिकृष्ण शर्मा
NIC ASIA
एन आई सी एशिया बैंक लि.
तानसेन, पाल्पा

## बडादसैं २०८० को शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**पाल्पा लाङ्घाली ग्रील उद्योग परिवार**
लहरेपिपल, तानसेन, पाल्पा

## बडादसैं २०८० को हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली तथा छठपर्वको सुखद अवसरमा समस्त ग्राहकवर्ग, व्यवसायी मित्र तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. सोम बहादुर गहतराज
**पिपलडाँडे भू.पू. सैनिक सुनचाँदी पसल परिवार**
बसपार्क, तानसेन, पाल्पा

## बडादसैं २०८० को शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दल बहादुर वि.क.
**न्यू आलम देवी ग्रील उद्योग परिवार**
टक्सारटोल, तानसेन, पाल्पा

## बडादसैं २०८० को शुभकामना

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहक, तथा शुभचिन्तकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. किरण चित्रकार
**न्यू किरण रेष्टुरेण्ट परिवार**
बसपार्क, तानसेन, पाल्पा (सम्पर्क : ९८५७०६०८२०, ०७५-५२०५२०)
खाना, नास्ता तथा बास बस्न साथै जीप, कार, भ्यान, बस तथा मिनी बस चाहिएमा हामीलाई सम्झनुहोस् ।

## बडादसैं २०८० को पावन अवसरमा

बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा सुख, समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. गोविन्द नेपाली
**न्यू शुभकामना शु-सेन्टर परिवार**
असनटोल, तानसेन, पाल्पा
(नारायणचोक देखि माथि)

## बडादसैं २०८० को पावन अवसरमा

विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा बुबाआमा, दाजुभाई, दिदीबहिनी, ग्राहकवर्ग तथा शुभचिन्तक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. कमल सिंह सुनार
**आलमदेवी ग्रील एण्ड आल्मुनियम स्टील उद्योग परिवार**
सिल्खानटोल, तानसेन, पाल्पा

## बडादसैं २०८० को हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली तथा छठपर्वको सुखद अवसरमा समस्त ग्राहकवर्ग, व्यवसायी मित्र तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. देवेन्द्र गहतराज
**श्री भैरव सुनचाँदी पसल परिवार**
तानसेन-२, असनटोल, पाल्पा

## बडादसैं २०८० को पावन अवसरमा हार्दिक मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दीपावलीको शुभ अवसरमा दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. विजय मलेगु
**विजय पान पसल परिवार**
भगवतीटोल, तानसेन, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई